आज मिति २०७५/०४/२५ गते शुक्रबारका दिन यस माईजोगमाई गाउँपालिकाका अध्यक्ष श्री जीत बहादुर राई ज्यूको अध्यक्षतामा माईजोगमाई गाउँकार्यपालिकाको ३४ औं बैठक देहायका सदस्यहरुको उपस्थितिमा बसि देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरि निर्णयहरु गरियो।

**उपस्थिति**

| | | |
|---|---|---|
| श्री जीत बहादुर राई | माईजोगमाई गा.पा. | अध्यक्ष |
| श्री सावित्रा भट्टराई | माईजोगमाई गा.पा. | उपाध्यक्ष |
| श्री याम कुमार कार्की | | १ नं. वडा अध्यक्ष |
| श्री डम्बर बहादुर सुबेदी | | २ नं. वडा अध्यक्ष |
| श्री याम प्रसाद लामा | | ३ नं. वडा अध्यक्ष |
| श्री गणेश राई | | ४ नं. वडा अध्यक्ष |
| श्री दाताराम सञ्जेल | | ५ नं. वडा अध्यक्ष |
| श्री भवानी प्रसाद लिङ्दम | | ६ न वडा अध्यक्ष |
| श्री कविता राई | | सदस्य |
| श्री मीरा देवि खवास | | सदस्य |
| श्री सोम कुमारी साउदेन | | सदस्य |
| श्री मन कुमारी लिम्बु (आङभाङ) | | सदस्य |
| श्री वीर बहादुर देवान | | सदस्य |
| श्री याम बहादुर विश्वकर्मा | | सदस्य |
| श्री चन्द्र प्रकाश बस्नेत | | सदस्य सचिव |

**अन्य उपस्थिति**

श्री सच्चिदानन्द देव

श्री उज्जल कुमार प्रधान इन्जिनियर

श्री कमल प्रसाद मण्डल का.प्र.

Scanned by CamScanner

प्रस्ताव नं १ - सवारी साधन सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा।

निर्णय नः १
माईजोगमाई गाउँपालिका भित्रका मूल सडक, वडा कार्यालय जोड्ने सडक तथा शाखा सडकहरुमा हेभी गाडी तथा ट्र्याकटरहरुलाई मिति २०७५/०४/२७ देखि २०७५ असोज १५ सम्म पूर्ण रुपमा सञ्चालनमा रोक लगाउने निर्णय गरियो साथै सो निर्णय उल्लङ्गन गरी सवारी साधन सञ्चालन गरेमा पहिलो पटक रु ३०००/- र दोस्रो पटकबाट जरिवाना दोब्बर गरी असूलउपर गरिनेछ।

दैनिक उपभोग्य वस्तु र कृषिजन्य उत्पादन फिक्कल - गुप्ती - नयाँबजार सडकबाट ओसारप्रसार गर्न हेभी गाडी तथा ट्याक्टर लाई छुट दिइएको छ साथै गोलिया ढुवानी प्रयोजनको लागि पूर्ण निषेध गरीएको छ।

प्रस्ताव नं २ - न्यायीक इजलासका लागि घर भाडामा लिने सम्बन्धमा।

निर्णय नः २
यस गाउँपालिकाको न्यायीक समितिको न्यायीक इजलासका लागि उपयुक्त पक्की घर भाडामा लिई इजलास राख्ने निर्णय गरियो।

प्रस्ताव नः ३ - भाडा निर्धारण समिति सम्बन्धमा।

निर्णय नः ३ यस माईजोगमाई गाउँपालिकाको आ.व. ०७५/०७६ का लागि पूरानै भाडा निर्धारण समितिलाई निरन्तरता गर्ने निर्णय गरियो।

प्रस्ताव नः ४ - खरिद ईकाई सम्बन्धमा।

निर्णय नः ४ - यस गाउँपालिकाका लागि आवश्यक सार्वजनिक खरिद ऐन बमोजिम खरिद गर्नपर्ने सेवा तथा सामाग्री खरिद गर्न तपशिल बमोजिम खरिद ईकाई गठन गर्ने निर्णय गरियो।

तपशिलः
श्री दाताराम सजेल - संयोजक
श्री वीरध्वज लिम्बू - सदस्य
श्री डम्बर कुमार प्रधान - सदस्य सचिव

प्रस्ताव नः ५ - आन्तरिक लेखा परिक्षण गर्ने गराउने सम्बन्धमा।

निर्णय नः ५ यस गाउपालिकाबाट आ.व. ०७४/०७५ मा भएका कामकारबाही तथा आर्थिक कृयाकलापहरुको आन्तरीक लेखा परिक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय इलमाबाटै गराउने निर्णय गरियो।

Scanned by CamScanner

प्रस्ताव नः ६ - नयाँबजार बजार क्षेत्र कालोपत्रे गर्न आमभेला सम्बन्धमा ।

निर्णय नः ६ - नयाँबजार बजार क्षेत्रमा कालोपत्रे योजना कार्यान्वयन गर्न मिति २०७५/०४/३१ गते सर्वपक्षीय भेला गरी योजना कार्यन्वयन प्रकृया अगाडि बढाने निर्णय गरियो ।

प्रस्ताव नः ७ - विद्युत तथा सोलार मर्मत प्राविधिक करारमा गरी कामकाजमा लगाउने सम्बन्धमा ।

निर्णय नः ७ - यस गाउँपालिका क्षेत्र भित्र नियमित विद्युत आपुर्ति गर्न तथा सोलार मर्मत गर्न प्राविधिक सगँ नियमानुसार सेवा करार गरी सो सम्बन्धी सेवा लिने निर्णय गरियो ।

प्रस्ताव नः ८ १ नं वडा कार्यालय भवन सम्बन्धमा ।

निर्णय नः ८ - वडा नं १ को वडा कार्यालय भवन निर्माण कार्य संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले दिइएको डिजाइन भित्र रहि यो आ.व. मा लागत इस्टमेट गरी इस्टमेट अनुसार क्रमागत रुपमा योजना सम्पन्न हुने गरी टेन्डर आवहान गर्ने निर्णय गरीयो ।

प्रस्ताव नः ९ - वि.व्य.स. तथा शि.अ.स. गठन सम्बन्धमा ।

निर्णय नः ९ - गाउँपालिका क्षेत्र भित्र रहेको सामुदायिक विद्यालयमा अविलम्ब विद्यालय व्यवस्थापन समिति गठन गरी भाद्र मसान्त सम्म यस कार्यालयमा प्रतिवेदन पेश गर्न साथै शिक्षक अभिभावक संघ गठन गरी सोको जानकारी यस कार्यालयमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

प्रस्ताव नः १० - नयाँबजार शुक्रबारे सडक मर्मत सम्बन्धमा ।

निर्णय नः १० - नयाँबजार शुक्रबारे सडक खण्डको चित्रे सल्लाघांरी बिचको उकालो कृष्ण गोलाई सिम र तिन तलेको घर छेउ उपभोक्ता समिति गठन गरी तत्काल मर्मत गर्ने निर्णय गरियो ।

Scanned by CamScanner